# किस्पाङ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

बागमती प्रदेश, नेपाल

प.सं. :- ०७९/०८०

च.नं. :-

मिति २०७९/०४/०९

## सूचना । सूचना ॥ सूचना ॥।

प्रस्तुत बिषयमा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.न. ९ प.स.२०७९/०८० मिति २०७९/०४/०६ र कृषि तथा पशुपन्छी विकास मन्त्रालयको च.न. ६२ को पत्र अनुसार काठमाडौं उपत्यका लगायत देशका विभिन्न स्थानहरुमा बंगुरमा लाग्ने संक्रामक महामारी अफ्रिकन स्वाइन फिवर रोग देखा परेकाले सो रोग पशुपंन्छीहरुको ओसारपसारबाट समेत फैलने भएकोले यो रोग फैलन नदिन पशुपन्छी ओसारपसार नगरिदिन हुन किस्पाङ बासी कृषक तथा सरोकारवाला सबैमा किस्पाङ गाउँपालिका अनुरोध गर्दछ ।

(महा प्रसाद दंगाल)
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाण्डौं

(स्थानीय तह समन्वय शाखा)

सिंहदरबार, काठमाण्डौं

फोन नं.-४२००५११/४२००३०४

पत्र सं.:- २०७९/०८०

चलानी नं.:- १

मितिः- २०७९/०४/०६

विषयः- जानकारी सम्बन्धमा।

श्री स्थानीय तहहरु (सबै)।

प्रस्तुत विषयमा कृषि तथा पशुपंक्षी विकास मन्त्रालयको च.नं. ६२ मिति २०७९/०३/२४ को अफ्रिकन स्वाइन फिवर नियन्त्रणको लागि आवश्यक समन्वय तथा सहजिकरण सम्बन्धी पत्र आवश्यक जानकारीको लागि यसैसाथ संलग्न गरी पठाईएको व्यहोरा आदेशानुसार अनुरोध छ ।

चिरञ्जीवी नेपाल

शाखा अधिकृत

बोधार्थः

श्री कृषि तथा पशुपंक्षी विकास मन्त्रालय, सिंहदरबार।

श्री सूचना तथा प्रविधि शाखाः- इमेल मार्फत जानकारी गराइदिनुहुन।

श्री पशु विकास शाखा

सूचना तथा गर्ने।

४६

नेपाल सरकार

# कृषि तथा पशुपन्छी विकास मन्त्रालय

फोन नं. ४२११६३५, ४२११८०८, ४२११९३२, ४२११६६५, ४२११६८७, ४२११९१५

सिंहदरबार, काठमाण्डौं

पत्र संख्या : ०७८/०७९

च.नं. : ९२

मिति: २०७९/३/२४

विषय: अफ्रिकन स्वाइन फिवर नियन्त्रण सम्बन्धमा आवश्यक समन्वय तथा सहजिकरण।

श्री संघिय मामिला तथा सामान्य प्रशसन मन्त्रालय
स्थानीय तह समन्वय शाखा, सिंहदरबार काठमाडौं।

प्रस्तुत विषयमा पशु सेवा विभागको च.नं १२३२, मिति २०७९/३/१६ को पत्र मार्फत काठमाडौं उपत्यका लगायत विभिन्न स्थानहरुमा बंगुरमा लाग्ने संक्रामक महामारी अफ्रिकन स्वाइन फिवर रोग देखा परेको र यसै सन्दर्भमा थप रोग फैलिन नदिन रोग देखा परेको क्षेत्रबाट ओसारपोसार नियन्त्रण गर्न, उचित व्यवस्थापन कार्यको सुनिश्चितता गराउन पशुपन्छी हेर्ने सबै स्थानीय तहहरुमा आवश्यक समन्वय तथा सहजीकरण गरिदिनहुन अनुरोध भई आएकोले सो को परिपत्र गरिदिनुहुनका लागि पशु सेवा विभागबाट प्राप्त पत्र यसै साथ संलग्न राखी पठाइको व्यहोरा निर्देशानुसार अनुरोध छ।

डा. मनिता सुवेदी
पशु चिकित्सक

बोधार्थः
पशु सेवा विभाग,
हरिहरभवन, ललितपुर।

☎ ५५२२०५६, ५५४४७२७
फ्याक्सः ५५४२२१५
वेबसाइटः www.dls.gov.np
इमेलः dg@dls.gov.np (DG)
infodls@dls.gov.np


नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
# पशु सेवा विभाग
हरिहरभवन, ललितपुर

पत्र संख्या :- ०७८/७९
चलानी नं :- १२६२

मितिः २०७९/०३/१६

विषयः अफ्रिकन स्वाइन फिभर नियन्त्रण सम्बन्धमा।

श्री कृषि तथा पशुपन्छी विकास मन्त्रालय,
सिंहदरबार, काठमाण्डौं।

उपरोक्त सम्बन्धमा काठमाण्डौं उपत्यका लगायत देशका विभिन्न स्थानहरूमा बंगुरमा लाग्ने संक्रामक महामारी अफ्रिकन स्वाईन फिभर रोग देखा परेको व्यहोरा अवगतै छ। बंगुरमा उक्त रोग देखा परेको सन्दर्भमा रोग थप फैलिन नदिन रोग देखा परेको क्षेत्रबाट ओसारपसार नियन्त्रण गर्न, संक्रमित मासु भण्डारण गरी राख्ने कार्यलाई निरुत्साहित गर्न, अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गरी मात्र स्वस्थ बंगुर ढुवानी गर्ने र स्वस्थ मासु उपभोग गर्ने/गराउने कार्य सुनिश्चित गर्ने तथा संक्रमित फार्ममा क्लोरिन (Bleaching Powder), चुना र भिरकोन प्रयोग गरी निःसंक्रमण लगायतको व्यवस्थापन कार्यको सुनिश्चितता गराउन प्रदेश स्थित पशुपन्छी निकाय हेर्ने मन्त्रालय र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत सबै स्थानीय तहहरूमा आवश्यक सहयोग तथा सहजिकरणको लागि अनुरोध छ।

.....................
डा. राम नन्दन तिवारी
महानिर्देशक

श्री प.चि. तथा रो.नि.
समन्वय शाखा
आ.का.
२०७९/०३/१६